गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय बागलुङ**
**नेपाल**

मासिक
# जनस्वास्थ्य बुलेटिन

**वर्षः २** | **अंकः १९** | **महिनाः १९** | **श्रावण २०८१**

## डेंगु रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि अपिल

विगतका बर्षहरुमा भयावह रुप लिएको डेंगु रोगबाट बच्नको लागि आम जनसमुदायमा हार्दिक अपिल गर्दछौं । यस कार्यमा समस्त समुदायका व्यक्तिहरु जागरुक भई लाग्नुहुन अनुरोध गर्दछौं ।

यस सन्दर्भमा विभिन्न स्थानीय तहहरुमा खोज र नष्ट गर अभियान सञ्चालन गरिएको छ । विभिन्न समुदाय तथा विद्यालयहरुमा सचेतना तथा अभिमुखिकरण कार्यक्रम चलाईएको छ । जिल्लाभर सञ्चालित विभिन्न कार्यक्रमहरुको झलकहरु










## बिश्व स्तनपान सप्ताह मनाईयो

बिश्व स्तनपान सप्ताह २०२४ अगस्त १ -७ सम्म ( श्रावण १७-२३) २०८१ साल “स्तनपानमा समानता : सबैको सहयोग र सहभागीता”

पूर्ण स्तनपान संगसंगै थप आहारा र बाल भीटा खुवाऔं ! भन्ने सन्देश सहित विभिन्न स्वास्थ्य संस्थाहरुले लक्षित समूहका व्यक्तिहरुलाई अभिमुखिकरण तथा पोषण सम्बन्धि अन्तर्क्रिया तथा सचेतनामूलक कार्यक्रम सम्पन्न गरियो ।















## तमानखोला गाउँपालिकामा भ्याक्सिन वितरण केन्द्र स्थापना


आर्थिक बर्ष २०८१/८२ देखि संचालन हुने गरी तमानखोला गाउँपालिकामा भ्याक्सिन वितरण केन्द्रको स्थापना गरिएको छ । विशेष गरेर राष्ट्रिय खोप कार्यक्रम तथा आधारभूत स्वास्थ्य सेवा प्रदानमा स्थानीय तहको अपनत्व विकास, खोप सेवाको सहज

पहुँचमा अभिवृद्धि, गुणस्तरीय र प्रभावकारी खोप सेवा प्रदान, भ्याक्सिन खेर जाने दरमा कमि गर्ने उद्देश्य अनुरुप तमानखोला गाउँपालिका अन्तर्गतको तमान खोला आधारभूत अस्पताल, बोङ्गादोभानमा भ्याक्सिन वितरण केन्द्रको स्थापना गरिएको हो ।









## VPD surveillance सम्बन्धी समीक्षा गोष्ठी सम्पन्न

WHO/IPD गण्डकी प्रदेश, पोखराको आयोजना तथा स्वास्थ्य कार्यालय बागलुङको समन्वयमा २ दिनसम्म संचालित जिल्ला स्तरीय VPD surveillance सम्बन्धी समीक्षा गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ । विशेष गरेर हालसम्म राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोपबाट बचाउन सकिने रोगहरुको निगरानी तथा खोजपड्ताल सम्बन्धमा विगतमा गरिएका विभिन्न क्रियाकलापहरु, प्राप्त उपलब्धी, समस्या तथा चुनौतीका बारेमा जानकारी गराई आउँदा दिनहरुमा surveillance लाई अझ प्रभावकारी बनाई समयमै रोगको अवस्थाको पहिचान गरी रोकथाम, नियन्त्रण, निवारण र उन्मूलन गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो । स्वास्थ्य कार्यालय बागलुङका प्रमुख तथा जनस्वास्थ्य प्रशासक बाबुराम आचार्य ज्यूको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको सहजिकरण WHO/IPD का SIMO डा. स्मृती लामा र Admin and Finance assistant श्री सुबोध लामिछानेले गर्नुभएको थियो भने कार्यक्रम संचालन स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर श्री राजु खत्रीले गर्नुभएको थियो । ढोरपाटन नगरपालिकाको होटल दरबार र गलकोट नगरपालिकाको होटल स्कवायरमा गरी दुई दिनसम्म संचालित उक्त कार्यक्रममा दश वटै नगरपालिका र गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख र VPD surveillance सम्बन्धी weekly reporting गर्ने २३ वटा स्वास्थ्य संस्थाका प्रमुख, खोप फोकल पर्सन र ल्याब फोकल पर्सनहरुको सहभागीता रहेको थियो ।








## नसर्ने रोगको खोजपड्ताल अभियान सम्बन्धि बैठक सम्पन्न

नसर्ने रोगका बिरामीको पहिचान र उपचारका लागि बागलुङमा बिरामीको खोजपड्ताल अभियान सञ्चालन हुने भएको छ । स्वास्थ्य कार्यालय र स्थानीय तह सँगको समन्वयमा नसर्ने रोगको पहिचान तथा उपचार अभियान सञ्चालन गरिने भएको हो । चालु आर्थिक वर्षमा अभियान सञ्चालन गर्न स्वास्थ्य कार्यालय बागलुङले समन्वय तथा अभिमुखीकरणका काम सुरु गरेको छ । पहिलो चरणमा ६ स्थानीय तहका प्रमुख तथा स्वास्थ्य शाखा प्रमुखहरुका लागि नसर्ने रोगको स्क्रिनिङसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया गलकोटमा भैसकेको छ।

अभियानमा ४० वर्ष माथिका नागरिकमा रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मृगैला जाँचको लागि प्रयोगशाला परीक्षणमार्फत् समुदायमा जाँच्ने र रोग पत्ता लगाउने काम हुनेछ । सो कार्यक्रममा बागलुङ जिल्लाका छ वटा स्थानीय तहका प्रमुख र स्वास्थ्य शाखा प्रमुख स्वास्थ्य कार्यालय बागलुङका प्रमुख र प्राविधिकहरु धौलागिरी अस्पतालका प्रमुख मे सु र प्राविधिकहरु तथा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका महानिर्देशकको उपस्थिति रहेको थियो ।

## विपदमा स्वास्थ्यकर्मीहरु

२०८१ श्रावण महिनामा जिल्लाका विभिन्न स्थान साथै बडिगाड गाउँपालिका वडा नं ९ र १० मा अविरल वर्षाको कारण आएको पहिरो र बाढीमा ठुलो संख्यामा जनधनको अपुरणीय क्षति हुनपुगेको अत्यन्तै दुखद घटनामा परी ज्यान गुमाउनुभएका सबैमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । स्थानीय नागरिकहरु, सुरक्षाकर्मीहरु एवं स्वास्थ्यकर्मीहरुको अथक प्रयासले उद्दार एवं उपचारका कार्यहरु

सञ्चालन भए । विषम मौसमी तथा भौगोलिक अवस्थाका बीच हरसमय उपचार व्यवस्थापनमा खटिनुहुने बडीगाड स्वास्थ्य शाखा तथा वडा नं १० दर्लिङ को स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु र अन्य सबै स्वास्थ्यकर्मीहरुको सत्प्रयास प्रति उच्च सम्मान तथा आभार व्यक्त गर्दछौं ।










## बागलुङ कारागारमा क्षयरोग

बागलुङ जिल्ला स्थित कारागारमा रहेका बन्दीहरुमध्ये केहिलाई स्वास्थ्यमा समस्या आएर धौलागिरी अस्पतालमा परिक्षण गर्ने क्रममा क्षयरोग पुस्टि भए पछि सम्पर्क परिक्षण गर्ने क्रममा ३ जना पुष्टि भएको छ । साथै पुनः ११ जनाको सम्पर्क परिक्षण

गर्दा थप दुई जनालाई क्षयरोग पुष्टि भएपछि पाँचै जनालाई औषधी उपचार शुरु गरिएको छ। बन्दिहरुलाई क्षयरोगको बारेमा स्वास्थ्य कार्यालय बागलुङ र बागलुङ नगरपालिकाले स्वास्थ्य शिक्षा सन्चालन गर्नुभएको थियो।





## मलेरिया बिरामीको सक्रिय खोजपड्ताल सम्पन्न

बागलुङ जिल्ला बडिगाड गा पा ३ सिसाखानीमा एकजना malaria को आयातित case +ve भेटिएकोले मिति २०८१/०४/१७ गते बिरामिको घर परिवार तथा सम्पर्कमा रहेका वरपरका शंकास्पद १५ जना ब्यात्किहरुको Active Case Detection (ACD) गर्ने काम सम्पन्न भएको छ। ती १५ जना सबैको RDT test को result negative आएको छ। अहिलेको यस गर्मी तथा बर्षा तको समयमा लामखुट्टे ले सार्ने Dengue, Malaria को लागि उपयुक्त बाताबरण भएकोले पानी जम्ने खाल्डो नराख्ने तथा झुलको प्रयोग गरि रोग लाग्नबाट बचौ र बचाऔ ।






# स्थानीय तहहरुले २०८१ श्रावण महिनामा सम्पादन गरेका मुख्य कार्यक्रमहरु

## बडिगाड गाउँपालिका

• विश्व स्तनपान सप्ताह को अवसरमा स्वास्थ्य आमा समुहहरुमा स्तनपान सम्बन्धि स्वास्थ्य शिक्षा संचालन

• मिति २०८१ असार महिनाको स्वास्थ्य संस्था स्तरिय मासिक समिक्षा बैठक संचालन

• FAIRMED/ BYC Baglung को सहयोगमा आधारभुत स्वास्थ्य सेवा केन्द्र खालमा MNH onsite coaching संचालन

• Dengue रोग सम्बन्धि विधालय स्वास्थ्य शिक्षा

• मिति २०८१ श्रावण २२ गते वडा न १० र ९ मा अबिरल वर्षाको कारणले बाढी पहिरोमा परी घाईते बिरामीहरुको उद्धार, उपचार र व्यवस्थापन गरिएको

## जैमिनी नगरपालिका

• २०८१ असार महिनामा स्वास्थ्य संस्थाले सम्पादन गरेका कार्यक्रमको मासिक समिक्षा

• विश्व स्तनपान सप्ताहा बिभिन्न कार्यक्रमका साथ संचालन

• डेंगु रोगको रोकथाम तथा नियन्तरण को लागि समुदायमा अभिमुखिकरण तथा लामखुट्टेको बासस्थान खोजौ र नष्ट गरौ अभियान संचालन

• वार्षिक कार्यक्रम कार्यन्वयन कार्य तालिका तथा वार्षिक खरीद योजना स्विकृत

• बिद्यालयका स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।

## ढोरपाटन नगरपालिका

• विश्व स्तनपान सप्ताहको अवसरमा सबै स्वास्थ्य संस्था, बिधालय, आमासमुह तथा समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम ।

• डेंगु सम्बन्धी खोज र नष्ट अभियान सन्चालन तथा सचेतना कार्यक्रम

• स्वास्थ्य संस्थाहरुको प्रगति समीक्षा तथा सार्वजनिकरण र कार्ययोजना निर्माण

• रास्ट्रिय खोप कार्यक्रम आगामी आ.व.को लागि योजना निर्माण।

• आगामी आर्थिक बार्षिका कार्यक्रमको कार्ययोजना निर्माण

## काठेखोला गाउँपालिका

• विश्व स्तनपान सप्ताह (1st- 7th Aug 2024)को अवसरमा विद्यालय तथा समुदाय स्तरमा सचेतनामुलक स्वास्थ्य शिक्षा तथा प्रदर्शनी कार्यक्रमहरु संचालन गरीएको

• आ.व. २०८०।०८१को वार्षिक प्रगति समिक्षा सम्पन्न गरीएको

• आ.व. २०८०।०८१को वार्षिक प्रगति प्रतिवेदन "काठेखोला स्वास्थ्य डायरी Kathekhola Health Diary" प्रकाशन गरीएको स्वास्थ्य शाखाको वार्षिक कार्ययोजना निर्माण साथै राष्ट्रिय खोप कार्यक्रमको वार्षीक सुक्ष्म योजना निमार्ण गरीएको

• MNH Onsite Coaching(FAIRMED/BYC बागलुङको सहयोगमा तंग्राम स्वास्थ्य चौकीमा) संचालन गरीएको

• ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरीएको

## ताराखोला गाउँपालिका

• विश्व स्तनपान सप्ताहको अवसरमा सबै स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य आमा समुहहरुमा स्तनपान सम्बन्धि स्वास्थ्य शिक्षा संचालन

• असार महिनाको पालिका स्तरमा स्वास्थ्य संस्था स्तरिय मासिक समिक्षा बैठक संचालन

• FAIRMED/ BYC Baglung को सहयोगमा अर्गल स्वास्थ्य चौकी र अमरभूमि स्वास्थ्य चौकीमा MNH onsite coaching संचालन

• Dengue रोग सम्बन्धि विधालय स्वास्थ्य शिक्षा

• पालिकाको वार्षिक समिक्षा कार्यक्रममा स्वास्थ्यको प्रगति प्रस्तुतिकारण

• वार्षिक प्रगति प्रतिवेदन प्रकाशन

## तमानखोला गाउँपालिका

• नियमित मासिक समिक्षा बैठक

• नाबाङ आधारभूत स्वास्थ्य सेवा केन्द्र र नर्जाखानी आधारभूत स्वास्थ्य सेवा केन्द्रद्वारा लेकमा रहेका गोठालाहरुलाई घुम्ती स्वास्थ्य सेवा सञ्चालन

• सबै स्वास्थ्य संस्थाहरूबाट आमा समूहमा अन्तरक्रिया तथा स्वास्थ शिक्षा कार्यक्रम गरी विश्व स्तनपान सप्ताह मनाईएको

• सबै स्वास्थ्य संस्थामा eLMIS बिस्तार तथा eLMIS सम्बन्धी स्वास्थ्यकर्मीहरुलाई तालिम

• तमानखोला आधारभूत अस्पतालमा भ्याक्सिन डीस्ट्रीब्यूसन सब सेन्टर स्थापना

## गलकोट नगरपालिका

- विश्व स्तनपान सप्ताहको अवसरमा सचेतना तथा पोष्टर प्रदर्शनी कार्यक्रम
- डेंगु सम्बन्धी सचेतना कार्यक्रम
- स्वास्थ्य चौकिहरूको प्रगति समीक्षा र कार्ययोजना/ कार्यपत्र तयारी
- स्वास्थ्य शाखाबाट सम्पादित कार्यक्रमको प्रगति तथा आ व ०८१/८२ को कार्ययोजना निर्माण
- बार्षिक प्रगति प्रतिवेदन ०८०/८१ प्रकाशन

## बागलुङ नगरपालिका

- मासिक बैठक तथा तथ्यांक विशलेषण ।
- स्वस्थ्य शाखाको बार्षिक प्रतिवेदन तयारी ।
- स्तनपान सप्ताहमा अभिमुखिकरण तथा सचेतना कार्यक्रम
- आमा समुहको बैठक ।
- किट्जन्यरोग र डेङ्गु रोगको अभिमुखिकण ।
- बिद्यालय स्वाथ्य शिक्षा आदि ।

## बरेङ गाँउपालिका

- विश्व स्तनपान सप्ताहको सन्दर्भमा सबै स्वास्थ्य चौकीहरु मार्फत विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम।
- बार्षिक कार्यक्रम सन्चालन मापदण्ड निर्माण तथा कार्यपालिकाद्वारा पारित।
- कार्यक्रम कार्यान्वयनको लागि चौमासिक कार्य योजना निर्माण
- खोप सुक्ष्म योजना निर्माण गरि स्वास्थ्य कार्यालयमा पेश।
- कार्यक्रम सन्चालनको लागि कार्यविधी निर्माण तथा आवस्यकता अनुसार संसोधन।

## निसीखोला गाउँपालिका

- नियमित मासिक समिक्षा बैठक
- डेंगु सम्बन्धी सचेतना कार्यक्रम
- विश्व स्तनपान सप्ताह बिभिन्न कार्यक्रमका साथ संचालन
- बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- आईरन चक्की वितरण ।

